बैठक नं.-३८

आज मिति २०७६ साल वैशाख २८ गते शुक्रवार का यस नगर पालिकाका नगर प्रमुख श्री देविलाल गौ ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा निम्न प्रस्ताव उप छलफल गरी निर्णय गरियो।।

उपस्थिति

| क.स. | नाम थर | पद | ठेगाना | सम्पर्क नम्बर | दस्तखत |
|---|---|---|---|---|---|
| १ | देविलाल गौतम | नगर प्रमुख | मु.न.पा. | ९८५७८२१५०६ | |
| २ | प्रेम कुमारी सुनार | उप प्रमुख | मु.न.पा. | ९८५७८२५३२२ | |
| ३ | विरवल के.सी . | वडा अध्यक्ष | १ | ९८४७९३३३८७ | |
| ४ | काशिराम खडका | वडा अध्यक्ष | २ | ९८४४९१४४२२ | |
| ५ | भिम बहादुर खडका | वडा अध्यक्ष | ३ | ९८६८६०९८१५ | |
| ६ | निर्मल कुमार पुन | वडा अध्यक्ष | ४ | ९८०३२७२३८३ | |
| ७ | शुशिल गौतम | वडा अध्यक्ष | ५ | ९८४४९४९७११ | |
| ८ | वसन्त कुमार गौतम | वडा अध्यक्ष | ६ | ९८२२९५०३४१ | |
| ९ | हिम बहादुर पाण्डे | वडा अध्यक्ष | ७ | ९८४७९८१०३८ | |
| १० | वुद्धि प्रसाद वुढा | वडा अध्यक्ष | ८ | ९८६८९८०९२६ | |
| ११ | नविन ओली | वडा अध्यक्ष | ९ | ९८६६०४८३४४ | |
| १२ | गोप्यश्वर के.सी. | वडा अध्यक्ष | १० | ९८४४९१४४९३ | |
| १३ | पदम बहादुर पुन | वडा अध्यक्ष | ११ | ९८६७५३९१५१ | |
| १४ | प्रेम बहादुर वली | वडा अध्यक्ष | १२ | ९८५७८२१८७९ | |
| १५ | दिपक के.सी. | वडा अध्यक्ष | १३ | ९८००५४६९२४ | |
| १६ | भिम बहादुर विष्ट | वडा अध्यक्ष | १४ | ९८४४९०३३२१ | |
| १७ | शशिराम परियार | का.पा.सदस्य | मु.न.पा. | ९८१३९६६५३१ | |
| १८ | धिरण सिर्पाली | का.पा.सदस्य | मु.न.पा. | ९८४७८५२२८३ | |
| १९ | पविता वि.क. | का.पा.सदस्य | मु.न.पा. | ९८२२८२८३३८ | |
| २० | चम्पा परियार | का.पा.सदस्य | मु.न.पा. | ९८१३४४२१४६ | |
| २१ | जानकी के.सी. खडका | का.पा.सदस्य | मु.न.पा. | ९८६६८२७६८२ | |
| २२ | मिना वि.क. | का.पा.सदस्य | मु.न.पा. | ९८१०८७५९३३ | |
| २३ | कमला वुढा पुन | का.पा.सदस्य | मु.न.पा. | ९८४७८९२२९० | |
| २४ | याम कुमारी नेपाली | का.पा.सदस्य | मु.न.पा. | ९८६६८३२६४९ | |
| २५ | टेकबहादुर वि.क. | वि.वि. अध्यक्ष | मु.न.पा. ३ | ९८४६८६९८४३ | |
| २६ | यमा के.सी. | ना.सु. प्रशा. | मु.न.पा. | ९८४३२१६६५९ | |
| २७ | प्रेमवहादुर खड्का | लेखापाल | मु.न.पा. | ९८४७८५२३५२ | |
| २८ | धनकुमार शाही | क.अ. | मु.न.पा. | ९८५७८२४२६३ | |

आमन्त्रित

## बैठक नं. ३८

**बैठकका प्रस्ताव तथा निर्णयहरु :**

१. उद्यमशिलता तालिम (मेड्पा कार्यक्रम ) सम्वन्धमा ।
२.शिक्षक व्यवस्थापन तथा दरवन्दि मिलान र स्वयंसेवक शिक्षक थप सम्वन्धमा
३. मुसीकोट नगरपालिकाको व्यवसाय कर सम्वन्धि कार्यविधी २०७६ सम्वन्धमा
४. वडा स्तरका योजना वजेड रकमान्तर सम्वन्धमा
५. होमस्टे सञ्चालन सम्वन्धमा
६. जातिय विभेद तथा छुवाछुत मुक्त नगरपालिका घोषणा सम्वन्धमा

**निर्णयहरु :**

**निर्णय नं. १**

उद्यमशिलता तालिम (मेड्पा कार्यक्रम ) अन्तर्गत तपशिल वमोजिमका कार्यक्रम निम्न स्थानमा सहभागी छनौट गरी सञ्चालन गर्ने निर्णय गरियो ।

**तपशिल :**

वडा नं. १३ को डाडाछिवागं र रातामाटामा मा दलित ९ जना , जनजाती १२ जना र अन्य ९ जना गरी जम्मा ३० जना को सिलाईकटाई र आरण सुधार कार्यक्रम सञ्चालन गर्ने ।

वडा नं. १ को छिङमा दलित ९ जना, जनजाती १२ जना र अन्य ९ जना गरी जम्मा ३० जना लाई सुन्तलाको जुस उत्पादन उद्योग र कोल्ड स्टोर सञ्चालन कार्यक्रम गर्ने ।

**निर्णय नं. २**

क. शिक्षा विकास तथा समन्वय इकाई रुकुम पश्चिमबाटट स्थायी नियुक्ती पाई यस नगरपालिका अन्तर्गत विद्यालयमा पदस्थापना गरिएको प्राथमिक तहका शिक्षकहरुको सन्दर्भमा मुसीकोट नगरपालिका ५ स्थित श्री आधारभुत विद्यालय डाङडुङ्गेमा विद्यार्थी संख्या शुन्य भएकोले उक्त विद्यालयमा रहेका प्राथमिक तहका ३ दरवन्दि अन्य विद्यालयमा मिलान गर्नको लागी स्थलगत अनुगमन समेतको आधारमा उपयुक्त निर्णय गर्न नगर शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**ख.** यस नगरपालिका अन्तर्गत संचालित श्री आधारभुत विद्यालय काउलेचौर मुसिकोट नगरपालिका १३ मा प्राथमिक तहमा न्युन दरवन्दी रहेकोले नगरपालिकाको श्रोतबाट पारीश्रमिक पाउनेगरी ०७६ असार मसान्तसम्मको लागी १ जना स्वयंसेवक शिक्षक थप गर्ने निर्णय गरियो ।

**ग.** विद्यालयहरुमा न्युन दरवन्दी रहेको सन्दर्भमा स्थलगत अनुगमन गरी आवश्यक प्रक्रिया अगाडि बढाउनको लागी नगर शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

# मुसिकोट नगरपालिका व्यवसाय कर सम्बन्धी कार्यविधि २०७६

नगर कार्यपालिकाबाट पारित मिति: २०७६/०१/२७

प्रमाणित मिति: २०७६/०१/२७

**प्रस्तावना:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा उल्लिखित व्यवसाय कर सम्बन्धी व्यवस्था, मुसिकोट नगरपालिकाको नगरसभाबाट पारित करको दर र तत् सम्बन्धी नीतिगत व्यवस्था वमोजिम आफ्नो क्षेत्रभित्रका व्यापार, व्यवसाय र पेशामा व्यवसाय कर लगाई असूल गर्ने कार्यलाई सरल, वैज्ञानिक र तजविजी अधिकार रहित बनाउन आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगरपालिकाको मिति २०७६/०१/२७ मा सम्पन्न ३८ औं नगर कार्यपालिकाको बैठकले देहाएको कार्यविधि बनाई लागू गरेको छ ।

**१. नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ रहेको छ ।
(२) यो कार्यविधि तत्काल लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

ख) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिका सम्झनुपर्छ ।

ग) "आर्थिक नियमावली" भन्नाले प्रचलित स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनुपर्छ ।

घ) "व्यवसाय" भन्नाले प्रचलित कानून वमोजिम दर्ता भई संचालित व्यापार, व्यवसाय र पेशा सम्झनुपर्छ र यो शब्दले नगरपालिकाको नगरसभाले तोकेको व्यवसायको किसिमलाई समेत वुझाउँदछ ।

ङ) "कर" भन्नाले ऐन, नियमावली र यो कार्यविधि वमोजिम मुसिकोट नगरपालिकाले आफ्नो क्षेत्रभित्रको व्यवसायमा पूँजीगत लगानी, आर्थिक कारोबार र क्षेत्रगत एवं व्यापारिक महत्वको आधारमा लगाउने सक्ने व्यवसाय करलाई सम्झनुपर्छ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप दस्तुर, जरिवाना समेतलाई बुझाउँदछ ।

च) "करदाता" भन्नाले दफा ५ बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका व्यक्तिलाई सम्झनुपछ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्भफनुपर्छ ।

ज) "कर अधिकृत" भन्नाले यो कार्यविधि बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगरपालिकामा कार्यरत अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्छ ।

झ) "नगरसभा" भन्नाले मुसिकोट नगरपालिकाको नगरसभा सम्झनुपर्छ ।

ञ) "वडा" भन्नाले मुसिकोट नगरपालिकाको वडा सम्झनुपर्छ ।

ट) "कार्यालय" भन्नाले मुसिकोट नगरपालिकाको कार्यालय सम्झनुपर्छ र यो शब्दले नगरपालिकाको प्रशासनिक संगठनात्मक स्वरुपको रुपमा स्थापना गरिएको शाखा, उपशाखा, इकाई, वडा कार्यालय समेतलाई वुझाउँदछ ।

**३. व्यवसाय दर्ता गरी व्यवसाय संचालन गर्नुपर्ने:** मुसिकोट नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यवसाय संचालन गर्नु अघि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नुपर्नेछ ।

**४. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने:** (१) नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची–१ मा उल्लेखित ढाँचाको दरखास्त फाराम कार्यालयमा दिन सक्नेछ । यस्तो दरखास्त फाराममा दहायका कुराहरु खुलेको हुनुपर्छ :–

क) व्यवसायको नाम

ख) व्यवसाय रहने ठेगाना

ग) व्यवसायको प्रकृतिः उद्योग, व्यापार, सेवा, पेशा ।

घ) व्यवसायले कारोवार गर्ने मुख्य वस्तु, सेवा तथा कामको विवरण ।

ङ) स्थीर पूँजीगत लगानी ।

च) व्यवसायीको नाम, ठेगाना र बाबु बाजेको नाम ।

छ) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम ।

ज) नगरपालिकाले तोकिदिएको अन्य विवरणहरु ।

झ) व्यवसायीको नागरिकता वा स्थानीय कर इजाजत नं. ।

अन्यत्र व्यवसाय दर्ता/ इजाजत प्राप्त भएको भए सो को विवरण तथा

ञ) इजाजत/दर्ता प्रमाण पत्र नं. ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचवुझ समेत गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवं अन्य दस्तुर लिई व्यवसाय दर्ता गर्नेछ ।
(३) माथि उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि सम्बन्धित कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची–२ बमोजिमको व्यवसाय कर दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची–३ को ढाँचामा व्यवसाय कर दर्ता प्रमाण–पत्र उपलव्ध गराउनेछ ।
(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन गर्नु पर्ने भएमा नियमावलीले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेको अवस्थामा वाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनुपर्ने छ ।
तर शाखा वा थप कारोबार स्थलको लागि लाग्ने कर एकमुष्ठ तिरी विभिन्न स्थानमा संचालित व्यवसाय वा शाखाहरु एउटै प्रमाणपत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उप–दफाले बाधा पुर्‍याएको मानिने छैन ।

**५. कर वुझाउने दायित्व:** (१) कर बुझाउने दायित्व यस कार्यविधिको दफा ४ बमोजिमको व्यवसाय दर्ता भएको व्यक्ति वा निजको प्रतिनिधिको हुनेछ ।
(२) कुनै व्यवसाय एक भन्दा वढी व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने सो मध्ये कुनै पनि व्यक्तिलाई कर वुझाउन वाध्य गर्न सकिनेछ ।

**६. व्यवसायको नविकरण गर्नुपर्ने:** दफा ४ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरु भएको मितिले ३ महिना वा असोज मसान्तभित्र वार्षिक कर अग्रिम रुपमा तिरी प्रत्येक आर्थिक वर्षको लागि व्यवसाय नविकरण गर्नुपर्नेछ ।

**७. विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमती लिनुपर्ने:** (१) दफा ४ बमोजिम व्यवसाय दर्ताका लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरु मध्ये केही कुरा हेरफेर गर्नुपर्ने भएमा ३५ दिनभित्र सो को जानकारी सम्बन्धित वडा कार्यालय वा नगरपालिकामा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित वडा कार्यालय वा नगरपालिकाले आवश्यक जाँचवुझ समेत गरी संसोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरेवापत रु. २००। थप दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताब र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको प्रकृति, कारोबार गर्ने वस्तु तथा सेवाको किसमि तथा व्यवसायको नाम आदि परिवर्तन गर्नुपरेमा नयाँ प्रकृतिको व्यवसाय कर साविकको करको दरभन्दा वढी लाग्ने भएमा सो फरक कर रकम समेत असूल गर्नुपर्नेछ ।

**८. साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्ने:** (१) एक व्यक्ति वा एक भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नुपरेमा आवश्यक कागजात समेत संलग्न राखी सम्बन्धित वडा वा नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित कार्यालयले आवश्यक जाँचवुझ गरी चालू आर्थिक वर्ष सम्मको कर असुल गरी वार्षिक करको दरमा २५% वा रु. ५००। मध्ये जुन बढी हुन्छ सो थप गरी दस्तुर समेत लिई साझेदार थप गरिदिनुपर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको पेशा व्यवसाय नगरको अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा सम्बन्धित कर अधिकृतले आवश्यक जाँचवुझ गरी चालू आर्थिक वर्षसम्मको कर असुल गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफरिश जनाई सम्बन्धित वडा कार्यालय वा नगरपालिकालाई पत्राचार गर्नुपर्नेछ । यसरी सिफरिश प्राप्त भएकोमा ठाउँसारी हुने वडा कार्यालय वा नगरपालिकाले व्यवसाय दर्ता विवरणमा ठाउँसारी जनाई साविकको वडा कार्यालयमा ठाउँसारीको जानकारी दिनुपर्नेछ ।

(४) उपनियम ३ बमोजिम ठाउँसारी भएको जनाउ प्राप्त भएपछि सिफरिश गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत किताबमा ठाउँसारी जनाई लगत खारेज गर्नुपर्ने छ ।

(५) उप–दफा (४) बमोजिम लगत खारेजको सिफरिश भएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु करदाताको कर्तव्य हुनेछ ।

(६) उप–दफा (३) बमोजिम ठाउँसारी गर्न चाहने करदाताले ठाउँसारी भई जाने व्यवसाय रहने ठेगानाको कर बुझाउनु पर्ने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी रु. ५००। दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाण पत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

(७) यस दफ बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ ।

**९. कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्ने:** (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित करदाताको हुनेछ ।

(२) उप–दफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्वन्धित पेशा तथा व्यवसाय स्थलमा गई आवश्यक जाँचवुझ गर्न सक्नेछ ।
(३) यस कार्यविधि बमोजिम दर्ता भएका पेशा, व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्वन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित करदाताको हुनेछ ।

**१०. व्यवसाय सञ्चालनको अनुमती लिनुपर्ने:** (१) नगरपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्बन्धित निकायबाट प्रचलित नेपाल कानून बमोजिम अनुमती लिनुपर्ने कानूनी प्रावधान भएका पेशा, व्यवसाय संचालन गर्नु पूर्व सम्वन्धित निकायबाट अनुमती लिनुपर्ने दायित्व करदाताको हुनेछ ।
(२) यस कार्यविधि बमोजिम नगरपालिका क्षेत्रभित्र कर प्रयोजनका लागि व्यवसाय दर्ता भएको आधारमा मात्र कुनै पनि पेशा, व्यवसाय सञ्चालन गर्ने अनुमती पाएको मानिने छैन ।

**११. व्यवसाय दर्ता खारेज गर्न सकिने:** (१) यस कार्यविधि बमोजिम कर लाग्ने व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालू रहेको मानिने छ ।
(२) उपदफा (१) बमोजिम निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिनेछ ।
(३) ऐन, नियमावली र यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय बन्द गर्न चाहेमा मनासिव कारण खोली करदाताले सम्बन्धित कार्यालयमा निवेदन सदिनुपर्नेछ ।
(४) उप–दफा (३) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचवुझ गरी चालू आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीका लागि लगत कट्टा वापत लिइने सेवा शुल्क समेत असुल गरी लगत कट्टा गरिदिनुपर्नेछ ।
(५) प्रचलित कानून विपरितको कारोबार गरेमा वा पेशा संचालन गरेमा र व्यवसाय संचालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलंघन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गर्न बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह करदाताबाट असुल गर्नेछ ।
(६) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व करदातालाई सफाई पेश गर्ने पर्याप्त मौका दिनुपर्नेछ ।
(७) यस दफा अन्तर्गतको उप–दफा (५) बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्बद्ध करदाताको नाममा नगरपालिकामा ३ वर्षसम्म कुनै पनि व्यवसाय दर्ता गरी संचालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ । साथै त्यस्ता करदाताको विवरण सार्वजनिक गरिनेछ ।

**१२. जरिवाना तथा थप दस्तुर लाग्ने:** (१) ऐन, नियमावली तथा यस कार्यविधिमा तोकिएको समयभित्र कर नबुझाएमा कर बुझाउने दायित्व भएको आर्थिक वर्षको लागि सम्बन्धित आर्थिक वर्षको अन्तसम्मको लागि लाग्ने करमा ५ प्रतिशत जरिवाना लिई असूल उपर गरिनेछ ।
(२) एक आर्थिक वर्ष समाप्त भएपछि पनि कर नबुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागि लाग्ने कर रकमको वार्षिक १० प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असूलउपर गरिनेछ ।

**१३. कर छुट तथा मिन्हा दिन सकिने:** (१) नगरपालिका क्षेत्रभित्र संचालित व्यवसायहरु सबैलाई करको दायरामा ल्याउने उद्देश्यले नगरपालिकाले सञ्चालन गर्ने कर टोली खटिने अवधि, कुनै खास प्रकृतिको पेशा तथा व्यवसायमा नगरपालिका बोर्डबाट निर्णय गराई आंशिक कर छुट वा जरिवाना मिनाहा वा दुबै सहुलियत दिन सकिनेछ ।
(२) उप दफा (१) बमोजिमको छुट तथा मिन्हाको व्यवस्था गर्दा निश्चित अवधि तोक्नुपर्नेछ ।

**१४. प्रतिलिपि दिन सक्ने:** व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा कार्यालयले आवश्यक जाँचवुझ गरी प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

**१५. व्यवसाय सञ्चालन नभएको सिफरिश दिन सक्ने:** प्रचलित कानून वमोजिम दर्ता भएका व्यवसाय संचालन नै नभएकोले सो को व्यहोरा सम्बन्धित निकायमा सिफरिशको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा आवश्यक जाँचवुझ गरी सो व्यहोरा प्रमाणित भएमा सो प्रकृतिको व्यवसायमा लाग्ने वार्षिक करको २५ प्रतिशत वा रु १०००। मध्ये जुन वढी हुन्छ सो बराबरको दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफरिश उपलब्ध गराउन सकिनेछ ।

**१६. व्यवसाय दर्ता/नविकरण नगरी संचालन गरेमा कार्वाही हुने:** (१) प्रचलित कानून बमोजिम र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय नगरपालिका क्षेत्रभित्र संचालन गरेको पाइएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई ३० दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्रचार गर्नुपर्नेछ ।

(२) उप–दफा (१) बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको मितिले ३० दिनभित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा नगरपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु बन्द गरिनेछ । साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थाहरुबाट प्रवाह हुने सेवा, सुविधाहरु बन्द गर्न सकिनेछ ।


(३) उप–दफा (२) बमोजिमको सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिनाभित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा सम्बन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यवसाय बन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असूल उपर गर्नेछ ।

**१७. बाधा अडकाउ फुकाउने अधिकार:** (१) यस कार्यविधि कार्यान्वयनको सिलसिलमा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

(२) प्रचलित ऐन, नियम र यस मूलभूत कुरालाई असर पर्ने गरी माथि उपदफा (१) बमोजिमको वाधा फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

**१८. बचाउ र खारेजी:** (१) व्यवसाय कर संकलन सम्बन्धमा यस अघि भएका कुराहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(२) ऐन, नियमावली र यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।



कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्वन्धित

अनुसूची–१

मुसिकोट नगरपालिका

व्यवसाय दर्ता/नविकरण निवेदन फाराम

श्री मुसिकोट नगरपालिका

. . . . . . . . . . . . . . . . . . . . . . . कार्यालय

विषयः व्यवसाय दर्ता/नविकरण गर्न र परिचय पाटी राख्न अनुमती पाउँ ।

मैले/हामीले निम्न स्थानमा . . . . . . . . . . . . . . . . . . . . . . . . व्यवसाय दर्ता/नविकरण गर्न लागेकाले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौं । स्थानीय सरकार संचालन ऐन, २०७४ र नगरपालिकाको आर्थिक ऐन बमोजिम लाग्ने कर, दस्तुर बुझाउनुको साथै मुसिकोट नगरपालिकाबाट समय समयमा दिइने आदेश/निर्देशन समेत पालना गर्न मञ्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मन्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थरः . . . . . . . . . . . .

(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)

२. स्थायी ठेगानाः . . . . . . . . . . . . .जिल्ला . . . . . . . . . . गा.पा./न.पा.. . . . . . . . . वडा नं. . . . . . . मार्ग . . . . . . . . . . . . . घर नं.

३. बाबुको नाम थरः . . . . . . . . .

४. व्यवसाय रहने स्थानको ठेगानाः वडा नं. . . . . मार्ग. . . . . . . . . घर नं. . . . . . .

व्यवसाय कम्प्लेक्स भए पसल/.संकेत नं. . . . . . . . . . .

पोष्टवक्स नं. . . . . . . . . . वेवसाइट . . . . . . . . .

५. सम्पर्क फोन नं. . . . . . . . . . . . . . . फ्याक्स नं. . . . . . . . . .इमेलः

६.भाडामा रहेको भए व्यवसाय रहने घर/जग्गा धनीको नाम, थरः . . . . . . . . . .

७. ठेगानाः . . . . . . . . . . .वडा नं. . . . . . . . घर नं. . . . . . . . . मार्ग . . . . . .

८. व्यवसायको विवरण/प्रकृतिः . . . . . . . .

९.पूँजीगत लगानी रु. . . . . .

१०. फर्म/कम्पनीको नामः . . . . . .

११. परिचय पाटीको साइजः (लम्बाई . . . . . . चौडाई . . . . . . . . . वर्गफिट . . . . . . . . . . . )

१२ अन्यत्र दर्ता भएको भए दर्ता नं. . . . . . . . . . . कार्यालयः . . . . . . . . . . . . . .

१३. संलग्न गर्नुपर्ने कागजातहरुः आफ्नै घरजग्गा भए जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि–१, भाडामा वस्ने भए भाडा रकम र भुक्तानी तरीका समेत खुलेको वहाल सम्झौता पत्र–१, विदेशी नागरिकको हकमा नेपाल स्थित राजदुतावासवाट व्यवसायीको नाममा जारी कागजात–१, करदाताको हालसालैको पासपोर्ट साइजको फोटो २ प्रति । फर्म कम्पनी भए दर्ता, इजाजत प्रमाण पत्र र आन्तरिक राजस्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाता प्रमाण पत्रको प्रतिलिपि ।

. . . . . . . . . . . .

मितिः . . . . . . . . . . . . . . निवेदकको दस्तखत

कार्यालय प्रयोजनका लागि मात्रः

निवेदन दस्तुर . . . . . . . . . दर्ता दस्तुर . . . . . . . . .व्यवसायकर . . . . . . . परिचयपाटी दस्तुर . . . . . . जरिवाना . . . . . . जम्मा . . . . . . . . . व्यवसाय प्रमाण पत्र नं. . . . . . . . . .मितिः . . . . . . .

पेश गर्ने: ठीक छ भनी प्रमाणित गर्ने: स्वीकृत गर्ने:

कार्यविधिको दफा ४ को उपदफा (३) सँग सम्ब/न्धित

अनुसूची–२

## मुसिकोट नगरपालिका

## व्यवसाय कर दर्ता किताब

फोटो

करदाता प्रमाण पत्र नं.
जारी भएको मिति:

व्यवसायको विवरण:
१) व्यवसायको प्रकृति:
२) व्यवसायको किसिम:
३) रहने स्थान/ठेगाना:
४) वडा नं.
घर नं.
बाटोको किसिम:
५) अन्य:

परिचयपाटीको विवरण
१) लेख्ने विवरण: फर्म/कम्पनीको नाम
२) साइज
३) किसिम:
४) घरधनीको नाम:

१) नाम थर:
२) नागरिकता नं.
३) जारी भएको जिल्ला:
४) ठेगाना: स्थायी: अस्थायी
५) बाबुको नाम:
६) बाजेको नाम:
७) सम्पर्क फोन नं.
८) अन्य:

| [illegible] आ.व. | मिति | निवेदन दस्तुर | दर्ता शुल्क | चालू आ.व.को व्यसाय कर रु. | परिचय पाटी | बक्यौता | जरिवाना | जम्मा रु | रसिद नं. | प्रमाणित गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित

अनुसूची–३

मुसिकोट नगरपालिका

फोटो

## व्यवसाय दर्ता प्रमाण पत्र

करदाता नं. . . . . .

दर्ता मितिः

प्रमाण पत्र नं.:

जिल्ला . . . . . . . . . . .गा.पा. /नगरपालिका . . . . . . . . . . . . . . . . . . . . . . . . वडा नं. . . . बस्ने श्री . . . . . . . . . . . . . . . . . . . लाई स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५८ बमोजिम निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाण–पत्र जारी गरिएको छ ।

व्यवसायको नामः . . . . . .

व्यवसाय रहने स्थानः मुसिकोट नगरपालिका वडा नं. . . . . . . . .बाटोको नामः . . . . . . . . . . . . घर नं. . . . . . . टोल . . . . . . . . . . . . . . .व्यवसाय रहने घर ।

जग्गाधनीको नामः . . . . . .

व्यवसायको प्रकृति . . . . . . . . . . . . . . . . . . . . . विवरण

परिचय पाटी साइजः . . . . . . . .

पूँजीगत लगानी रु. . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

करदाताको हस्ताक्षर | स्वीकृत गर्नेको हस्ताक्षर

१) प्रत्येक आर्थिक वर्षको लागि वार्षिक कर सम्बन्धित कार्यालय गई उक्त आ.व.को ३५ दिनभित्र बुझाई प्रमाण पत्र नविकरण गर्नुपर्छ । मुसिकोट नगरपालिकाबाट व्यवसाय कर टोली खटाइएको अवस्थामा व्यवसायीको कार्यस्थलमै व्यवसाय प्रमाण पत्र नविकरण गर्न सकिनेछ ।

२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्नुपरेमा मुसिकोट नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

३) व्यवसाय बन्द गर्नुपरेमा करदाताले मुसिकोट नगरपालिकाको सम्बन्धित कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्नेछ । अन्यथा व्यवसाय चालू नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ ।

४) यो प्रमाण पत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र नगरपालिकाको कर्मचारीले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनुपर्दछ ।

५) कुनै पनि किसिमको व्यवसायिक गतिविधिमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन । यदि सो गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।

६) व्यवसायबाट उत्पादन हुने फोहरमैला उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुनेछ ।

७) व्यवसाय संचालनको सिलसिलामा मुसिकोट नगरपालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु करदाताको कर्तव्य हुनेछ ।

८) उल्लेखित शर्तनामाहरु पालना नगरेमा नगरपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाण पत्र रद्ध गरी व्यवसाय बन्द समेत गर्न सक्नेछ ।

९) यो प्रमाण पत्र कर प्रयोजनाको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम अनुमती लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो लिएर मात्र सञ्चालन गर्नुपर्नेछ ।

प्रमाणित गर्ने अधिकारीको
दस्तखतः

नाम थरः माधवप्रसाद शर्मा

पदः प्रमुख प्रशासकीय अधिकृत

कार्यालयः मुसिकोट न.पा.को कार्यालय रुकुम (पश्चिम)

मितिः २०७६/ . . /. . .

**निर्णय नं. ४**

आ.व. ०७५।०७६ को नगरसभाबाट स्वीकृत कार्यक्रम वावाङ्ग अदुवारी लिफ्ट सिचाई योजना का लागी विनियोजन गरिएको रकम रु ३,००,०००। (तिन लाख ) राङजी अदुवावारी सिचाई योजना मा रकमान्तर गर्ने ।

**निर्णय नं. ५**

होमस्टे सञ्चालन सम्वन्धमा आवश्यक प्रक्रिया पुरा गरी संस्था छनौट गरी उक्त संस्थालाई दर्ता गरी मुसीकोट नगरपालिका को साँखमा होमस्टे सञ्चालन गर्न प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

जातिय विभेद सम्वन्धि नगरपालिका स्तरिय छुवाछुत मुक्त नगरपालिका बनाउन २०७६ जेठ २१ गतेभित्र विभिन्न कार्यक्रम गरी छुवाछुत मुक्त नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।